# मनहरी गांउपालिका,मकवानपुरको आ.व. २०७४/०७५ का लागि निर्धारित नीतिहरु

**१. आर्थिक विकास**

**१.० 'कृषि पर्यटन र व्यापार मनहरी बिकासको मूल आधार' भन्ने नाराका साथ आर्थिक सम्बृद्धिलाई तपशील बमोजीमका नीतिहरुमार्फत हासिल गर्ने भगीरथ प्रयत्न गरीने छ।**

**१.१ कृषि तथा पशुपालन**

१.१.१ स्थानीय सम्भावना अध्ययन गरी एक वडा एक उत्पादन (One Ward One Product) को कार्यक्रम अगाडी बढाईने छ।

१.१.२ आधुनिक मूल विउ आयात दरलाई प्रतिस्थापन गर्न स्थानीय स्तरमा सम्भावनाको अध्ययन गरी विउ उत्पादन तथा प्रशोधनको कार्यलाई अगाडी बढाईने छ।

१.१.३ पशुको नश्ल सुधार, पशु विमा, गोठ सुधार गर्नुका साथै कृषि सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिईनेछ।

१.१.५ बेमौसमी तरकारी खेतीलाई प्रोत्साहन गर्दै साना सिचांई, थोपा सिंचाई र प्लाष्टिक पोखरी निर्माणलाई प्रोत्साहन गरिनेछ। बिषादी तथा रसायनिक मल खादको उपयोगलाई घटाउन आर्गानिक कृषि कार्यलाई प्रोत्साहन गरिने छ।

१.१.६ तरकारी, माछा र मह जस्ता तुलनात्मक लाभ भएका वस्तुको उत्पादन तथा व्यवसायीकरणलाई प्रोत्साहन गर्दै कृषि जन्य पदार्थ सङ्कलन केन्द्र क्रमश निर्माण गर्दै लगिने छ।

१.१.७ कृषि सडक एवम् पुलपुलेसाहरुको निर्माणमा जोड दिनुका साथै सम्भावित स्थानहरुमा शित भण्डार तथा निर्माण गरी कृषिलाई उद्यम र यूवालाई उद्यमीको रुपमा विकास गर्न आवश्यक कदम चालिनेछ।

१.१.८ कृषि तथा पशुसेवामा ग्रामीण क्षेत्रमा रहेका कृषकहरुको सहज पहुँच वृद्धि गर्न एक वडा एक सकृय ग्रामीण कृषि तथा पशुस्वास्थ्य कार्यकर्ता परिचालन गर्ने कार्यलाई अघी बढाइनेछ।

१.१.९ द्रुत गतिमा बढिरहेको सूचना प्रबिधिलाई कृषि र पशु सेवा प्रसारका लागि अधिकतम उपयोगमा ल्याईनेछ।

**१.२ सहकारी**

१.२.१ विपन्न तथा पिछडिएका वर्ग तथा समुदायलाई सहकारीमा संगठित गरी सहकारीलाई सरकार र निजी क्षेत्रको परिपूरकको रुपमा भूमिका खेल्न सक्ने गरी स्थानीय अर्थतन्त्रको सबल स्तम्भको रुपमा विकास गरिनेछ।

१.२.२ कृषि तथा पशु वीमाका क्षेत्रमा सहकारीलाई सशक्त माध्यमको रुपमा परिचालन गरिनेछ।

१.२.३ चक्लाबन्दी प्रणालीको सहकारी सामूहीक खेतीमा युबा समूहको सकृयता बढाई केन्द्रिय कृषि अनुदानबाट उद्यमी लाई लाभान्वित गर्ने बाताबरण बनाईने छ।

१.२.४ सरकार-सहकारी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालन हुने स्थानीय विकास निर्माण र सामाजिक सेवा प्रवाहका सूचनामुलक कार्यहरु स्थानीय सहकारी संघ संस्थाहरु मार्फत सञ्चालन गरिनेछ।

१.२.५ सहकारी मार्फत सिपमुलक, व्यवसायमुलक तालीम सञ्चालन गरी स्वरोजगार, स्वावलम्वी, आत्मनिर्भर नागरीक निर्माणमा जोड दिइने छ।

१.२.६ विषय मिल्ने सहकारीहरुको एकिकरणलाई प्रोत्साहीत गरीनेछ।

१.२.७ कृषि उत्पादनलाई मुल्य श्रृखंलाका लागी वजारीकरणको व्यवस्थालाई जोड दिईनेछ।

**१.३ लघु, घरेलु तथा साना उद्योगको विकास**

१.३.१ बजार सम्भाव्यताको आधारमा स्थानीय कच्चा पदार्थको सदुपयोग गरी मूल्यअभिबृद्धि हुने खालका उत्पादनमूलक उद्योग स्थापना र प्रबर्द्धनमा जोड दिईनेछ।

१.३.२ परम्परागत पेशा वा सो संग सम्बन्धित सीपको सम्बर्द्धन र विकास गरी तिनलाई व्यवसायको रुपमा विकास गरिनेछ।

## १.४ पर्यटन विकास

१.४.१ पर्यटकिय गुरु योजना तयार गरी पर्यटनका सम्भाव्य क्षेत्रहरु पहिचान गरी क्रमश विकास गर्दै लगिने छ ।

१.४.२ रमौली, पर्तापुर, सुनाचुरी मनहरी पिसपार्क, गोगनपानी भ्युटावर, भिमान सहिदपार्क क्षेत्रलाई पर्यापर्यटन क्षेत्रको रुपमा बिकास गर्ने कार्यको थालनि गरिने छ ।

१.४.२ गाउभित्र रहेका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण तथा सम्वर्द्धन गर्दै तिनलाई Tourism product को रुपमा विकास गरिनेछ ।

## २. भौतिक पूर्वाधार विकास

## २.१ सडक

२.१.१ गाउँपालिका सडक यातायात गुरु योजना तयार गरी सो योजनाले निर्दिष्ट गरेका सडकहरुमा लगानी गरिने छ ।

२.१.२ कृषि तथा ग्रामीण सडकहरुको निर्माण तथा सुधारका लागि बार्षिक सडक मर्मत योजना (ARMP) तयार पारिने छ ।

२.१.३ सडक, पुल, खानेपानी, सिंचाई जस्ता पूर्वाधारहरुको आवश्यक मर्मत सम्भारको लागि मर्मत सम्भार कोष खडा गरिने छ ।

२.१.४ सडक, पुल, खानेपानी, सिचाईं जस्ता पूर्वाधार विकाससंग सम्वन्धित ५० लाख भन्दा माथिका आयोजनाहरुमा विस्तृत सर्भे डिजाईन र सम्भाव्यता हेरेर मात्र लगानी गरिनेछ ।

२.१.५ सार्वजनिक भौतिक पूर्वाधारहरु निर्माण गर्दा बालमैत्री, अपाङ्गमैत्री तथा बातावरणमैत्री बनाईनेछ ।

२.१.६ गाउँपालिका भित्रका सडकहरुलाई कम्तिमा पनि क, ख र ग वर्गमा वर्गीकरण गरी क्रमशः १२, ८ र ६ मिटर चौडा कायम गरिने छ साथै क र ख वर्गका सडक वाह्रै महिना सञ्चालन गरिने छ ।

२.१.६ गाउँपालिका क्षेत्रको भू-उपयोग योजना तयार पारी क्रमशः लागू गर्दै लगिने छ ।

२.१.६ हरित सडकको अवधारणालाई कार्यान्वयन गर्दै सडकहरुको दायाँ बायाँ वृक्षारोपण गर्दै लगिने छ ।

२.१.६ नगद जनसहभागितामा आधारित आयोजनाहरुमा प्राथमिकता दिईने छ । लागत सहभागिता अभिवृद्धिको लागि समपूरक कोषको व्यवस्था गरिने छ । वस्ती स्तरका सडकहरुमा स्ल्याव ढलान तथा कालोपत्रे गर्ने कार्यको लागि कम्तिमा ४० प्रतिशत जनसहभागिता जुटेमा प्राथमिकताका आधारमा समपूरक कोषबाट जुनसुकै बेला लगानी गरिने छ ।

२.१.६ सडकको दायाँबायाँ नाला सहितको स्तरीकरणलाई अनिवार्य गरिने छ ।

२.१.७ पूर्वाधारजन्य संरचनाहरु निर्माण गर्दा विपद जोखिम आङ्कलन गरी सोही अनुसार व्यवस्थापन गरिनेछ ।

२.१.८ सडकहरु निर्माण गर्दा सडक क्षेत्राधिकार (Right of Way) कायम गर्ने र गाउँपालिका क्षेत्रका सवै सडकका जग्गाको सार्वजनिक स्वामित्व कायम गर्ने नीति अपनाईने छ ।

२.१.९ चुरे तथा महाभारत श्रृंखलाहरुको भौगर्भिक संवेदनाशिलतालाई मनन् गरी पूर्वाधार विकासका कार्यमा डोजर/एक्साभेटर जस्ता भारी मेशिन तथा उपकरणहरुको प्रयोगलाई न्यूनिकरण गरी श्रममा आधारित वातावरणमैत्री पूर्वाधार निर्माणमा जोड दिईनेछ ।

२.१.१० बाटो तथा सडक सार्वजनिक नगरेको स्थानमा लगानी गरिने छैन ।

## २.२ खानेपानी तथा सरसफाई

२.२.१ हरेक वडामा कम्तीमा १/१ वटा बृहतर नमूना खानेपानी आयोजनाको शुरुवात गरिने छ ।

२.२.२ सार्वजनिक स्थलहरुमा स्थानीय समूदाय संगको सहकार्यमा सार्वजनिक शौचालयहरु निर्माण गर्दै लगिने छ ।

२.२.३ मनहरी गांउपालीकालाई पूर्ण सरसफाई युक्त पालिका बनाउनको लागि खानेपानी तथा सरसफाईका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुसंग समन्वय र सहाकार्य गरी पूर्ण सरसफाईका पाँच प्लस एक सचूकहरुलाई पूर्ण रुपमा कार्यान्वयनमा ल्याउन यसै बर्षबाट थालनी गरीन्छ ।

२.२.४ प्राकृतिक खानेपानीका श्रोतहरुको संरक्षण गरीने छ ।

२.२.५ सम्भाव्यता हेरी ल्याण्डफिल साईड निर्माणको थालनी गरीने छ ।

२.२.६ सार्बजनिक धारा तथा स्नानागृह बनाउदा बालमैत्री तथा अपाङ्गमैत्री बनाईने छ ।

२.२.७ निजी घरहरुमा शौचालय नियमितताका लागी उत्प्रेरीत गरिनेछ ।

## २.३ सिचाईं

२.३.१ कृषि पकेट क्षेत्रहरुको पहिचान गरी जनसहभागितामा आधारित सिचांई आयोजनाहरु सञ्चालन गरिनेछ ।

२.३.२ सिचाईंका क्षेत्रमा कार्यरत सरकारी, गैरसरकारी निकायहरु तथा उपभोक्ता समेतको साझेदारीमा सिचाईं विकास कोष खडा गरी समुदायमा आधारित सिचाईं कार्यक्रम शुरु गरिनेछ ।

२.३.३ निर्माणाधिन सिचाईं आयोजनालाई प्राथमिकता दिईनुका साथै पुरा भैसकेका योजनाहरुको मर्मत सम्भारमा विशेष जोड दिइनेछ ।

**२.४ विद्युतिकरण एवं वैकल्पिक उर्जा**

२.४.१ सुधारिएको चुल्हो र गोवर ग्याँस निर्माणमा जोड दिई परम्परागत उर्जा माथिको निर्भरतालाई क्रमशः घटाउँदै लगिनेछ ।

२.४.२ विद्युतको राष्ट्रिय प्रशारण लाईन पुगेर पनि जीर्ण पोल तथा अव्यबस्तिथ रहेका प्रशासरण लाईनहरु सुधार तथा मर्मत गर्दै लगिने छ । वडाहरुमा सौर्य उर्जाको प्रयोगलाई प्रोत्साहित गरिनेछ ।

२.४.३ "घर भित्रको वायु प्रदुषण मुक्त" गाउपालिका घोषणा गर्ने अभियानको थालनि गरिने छ ।

**२.५ खेलकुद तथा अन्य पूर्वाधार**

२.५.१ रमौली पर्तापुरमा एक क्षेत्रीय स्तरको रङ्गशाला निर्माणका लागि प्रकृया अगाडि वढाईनेछ ।

२.५.२ हरेक वडामा वडास्तरीय खेलकुद बिकाश समिति गठन गरिने छ । मनहरी गोल्डकप फुटबल प्रतियोगीता घोषणा गरी यसै बर्षदेखि प्रतियोगीता थालनी गरिने छ ।

२.५.३ सार्वजनिक पार्क स्थापना, संरक्षण र सञ्चालन गर्ने कार्यलाई वढावा दिई गाउपालिका भित्रका व्यायाम केन्द्र तथा योग साधना केन्द्र निर्माण गर्न प्रयास गरिने छ ।

२.५.४ प्रत्येक वडामा एउटा खुल्ला क्षेत्र घोषणा गर्ने नीतिलाई कमशः अगाडि बढाईनेछ र सार्वजनिक जमिन तथा सम्पत्तिको लगत तयार गरी सार्वजनिक गरिनुका साथै संरक्षणको उचित व्यवस्था गरिनेछ ।

२.५.५ गाउपालिका क्षेत्रमा एक गांउ सभा गृह निर्माणको सम्भाव्यता अध्ययन गरी थालनि गरिने छ ।

**३. वन,वातावरण तथा पर्या पर्यटन**

**३.१ वन, वनस्पति, भूसंरक्षण, र वातावरण**

३.१.१ सडकका दायां बाया बृक्षारोपण गर्ने तथा अब बन्ने सडक बाताबरण मैत्री बनाउन बृक्षारोपण गर्ने अभियान चलाईने छ ।

३.१.२ चुरे क्षेत्रको जैविक विविधता तथा प्राकृतिक स्वरुपको संरक्षण गरी बाढी, पहिरो नियन्त्रणमा टेवा पुऱ्याउने कार्यक्रमहरु लागु गरिनेछ । सिमसार तथा जलाधार क्षेत्रको संरक्षण गरी त्यसमा आधारित जलचर प्राणीको उचित संरक्ष गरिने छ ।

३.१.३ जलश्रोत तथा पर्यावरण संरक्षणसंग सम्बन्धित कार्यक्रमहरु लागु गरिनेछ ।

३.१.४ बन क्षेत्रलाई संरक्षण तथा आम्दानीमुखि बनाउन सामूदायीक बन संग सहकार्य गरी बन भित्र कृषि कार्यको प्रबर्द्धन गरिने छ ।

३.१.५ एलानी पर्ती सार्बजनिक जग्गाको संरक्षण गरिने छ । खाली जग्गामा बृक्षारोपण गरिने छ ।

३.१.६ कबुलियती वनको विस्तार तथा निजी वनको विकासमा प्रोत्साहन गरी वन क्षेत्र विस्तार गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

३.१.७ सहभागितात्मक नदी नियन्त्रण तथा बस्ती बचाउ कार्यलाई प्रोत्साहान गर्दै नदी किनाराका जमिनलाई संरक्षण गर्न तटबनधन कार्यलाई निरन्तरता दिईने छ ।

३.१.८ सार्बजनिक स्थान ओगटेर गरिने व्यापार लाई निरुत्साही गरिने छ ।

३.१.९ बाताबरणमैत्री स्थानीय शासनलाई प्राथमिकता दिईने छ ।

३.१.१० स्थानीय रैथाने सङ्कटापूर्ण र लोपोन्मुख जडीवुटी तथा गैरकाष्ठ वन पैदावरलाई संरक्षण गरिनेछ ।

३.१.११ स्थानिय क्रसर उद्योगहरुबाट निष्कने प्रदुषण नियन्त्रण गर्न उद्योगीहरु संगको सहकार्यमा कार्यक्रम अगाडी बढाईने छ । फोहरमैला बर्गीकरण गरि श्रोतमै न्युनता गरिने छ ।

३.१.१२ बजार क्षेत्रको फोहर व्यबस्थापन कार्य निजी क्षेत्र संगको सहकार्यमा गरिने छ । सार्बजनिक शौचालय निर्माणमा निजी क्षेत्र लाई प्रोतसाहित गरिने छ।

३.१.१३ एक घर दुई (जडिबुटी/फलफुल)बिरुवा लागाउन प्रोत्साहन गरिने छ ।

३.१.१४ बिपद व्यबस्थापन संग सम्बन्धित सरकारी तथा गैरसरकारी निकाय संगको समन्वयमा प्रभाबकारी बिपद व्यबस्थापनको लागी कार्ययोजना बनाई लागू गरिने छ । सरोकारवालाहरु संग सहकार्य गरी चुरे संरक्षणमा ध्यान दिईने छ ।

३.१.१५ गांउपालिका स्तरीय बिपद व्यबस्थापन कोष स्थापना गरिने छ ।

## ३.२ पर्याबरणीय पर्यटन बिकास

३.२.१ आन्तरीक पर्यटनको बिकास गरी स्वरोजगारीमा टेवा पुरयाईने छ ।

३.२.२ पर्यटनका सम्भाव्य क्षेत्रहरु पहिचान गरी भौतिक रुपमा बिकाश गर्दै लगिने छ । पर्यटकीय र संरक्षित क्षेत्रको बिकासको लागी गुरु योजना निर्माण गरिने छ ।

३.२.३ रमौली पर्तापुर सुनाचुरी क्षेत्रलाई पर्यापटन क्षेत्रको रुपमा बिकास गर्ने कार्यको थालनि गरिने छ ।

३.२.४ गोगनपानी,देबकोट,लामापाखा,बनकरीया डांडा लगायत क्षत्रमा भ्यू टावर लगायत पर्यटकिय पार्क बनाउने कार्यको थालनि हुनेछ ।

३.२.५ बनकरीया,चेपाङ्ग,बोटे लगायत समूदायको बस्तीहरुमा होमस्टे संचालनका लागी सहयोग पुरयाईने छ ।

३.२.६ निर्माणाधिन मनहरी पिसपार्कलाई बाताबरणमैत्री रुपमा बिकास गर्दै छिट्टै पूर्णता दिने तर्फ कार्यक्रम बनाईने छ ।

# ४. सामाजिक विकास

## ४.० बस्ति तथा शहरी बिकाश

४.०.१ सम्पूर्ण गांउ क्षेत्रमा भबन निर्माण आचार संहिता कडाईका साथ लागू गरिने छ ।

४.०.२ भू उपयोग नीति तयार पारी व्यबस्थित बस्ति तथा कृषि र संरक्षण योग्य जमिन पहिचान गर्नेकार्य अगाडी बढाईने छ ।

४.०.३ सम्पूर्ण गांउपालिका क्षेत्रमा भबन निर्माण आचार संहिता कडाईका साथ लागू गरिने छ ।

४.०.४ गाउँपालिका क्षेत्रको कम्तिमा एक वस्तीलाई नमूना वस्तीको रुपमा अगाडी बढाईने छ ।

४.०.५ आफ्नो गाउँ आफै बनाउ नारालाई सार्थक बनाउन जोड गरिने छ ।

## ४.१ शैक्षिक विकास कार्यक्रम

४.१.१ विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय भर्ना गर्ने र विद्यालयमा उनिहरुको उपस्थीतिलाई निरन्तरता दिंदै शैक्षिक उपलब्धि वृद्धि गर्न आधारभूत तहको शिक्षालाई निशुल्क तथा अनिवार्य गराउने कार्यलाई तिव्रता दिईनेछ ।

४.१.२ सबै विद्यालयमा क्रमिक रुपमा अलग छात्रा शौचालयहरुको निर्माणलाई अनिवार्य गर्दै विद्यालयको वातावरण कमश वालवालिकामैत्री वनाउँदै लगिनेछ ।

४.१.३ गुणस्तरीय शिक्षा विकासको सुनिश्चितताका लागि सिकाई उपलब्धिको सार्वजनिकिकरण, शिक्षकको पेशागत क्षमता विकास, नियमित अनुगमन र निरीक्षण पद्धतिलाई प्रभावकारी बनाइनेछ ।

४.१.४ विद्यालय तहको मूल्याङ्कन प्रणाली बस्तुनिष्ठ र सिकाई उपलब्धिसँग सम्बन्धित गराइनेछ ।

४.१.५ विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघका पदाधिकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गर्नुका साथै शिक्षक तथा विद्यार्थीहरुको अभिलेख व्यवस्थापन गरिनेछ ।

४.१.६ शिक्षामा पछि परेको वर्ग तथा समुदायका बालबालिकाका लागि निःशुल्क पाठ्यपुस्तक तथा छात्रवृति वितरण कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

४.१.७ दलित, असक्त, आदिबासी जनजाति र उत्कृष्ट विद्यार्थीहरुलाई उच्च शिक्षाको अवसर प्रदान गर्न छात्रवृत्ति वितरण गर्ने कार्य अगाडी बढाईने छ ।

४.१.८ सामूदायीक बिद्यालयहरुमा अंग्रेजी माध्ययमबाट अध्यापन गराउने कार्यमा प्रोत्साहन गरिने छ ।

४.१.९ सामुदायिक विद्यालयहरुलाई आन्तरीक श्रोतको खोजी गरी आत्मनिर्भर बनाउन जोड गरिने छ ।

## ४.२ स्वास्थ्य सेवा

४.२.१ स्वास्थ्य सेवालाई अझ विश्वासिलो, भरपर्दो र पहुँचयोग्य बनाउन गांउ क्षेत्रमा रहेका प्राथमिक स्वास्थ्य केन्द्र तथा स्वास्थ्य चौकीहरुको आवश्यकतानुसार सुविधायुक्त वनाउँदै लगिनेछ ।

४.२.२ एच.आई.भी. ⁄एड्स विरुद्ध कार्यरत सरकारी तथा गैरसरकारी निकायहरुसंग समन्वय र सहकार्य गरी जोखिम कम गर्ने कार्यलाई अझ प्रभावकारी ढङ्गबाट सञ्चालन गरिनेछ ।

४.२.३ स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण सिर्जना गर्न निजी क्षेत्रको लगानीलाई आकर्षण गराइनेछ ।

४.२.४ शिशु मृत्यु दर, वालमृत्यु दर र मातृ मृत्युदर घटाउने र महिलाको प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन प्राथमिकताको आधारमा वर्थिङ सेन्टर निर्माण गर्दै लगिनेछ ।

४.२.५ स्वास्थ्य कर्मीहरुको क्षमता अभिबृद्धि गर्न विशेष तालिम कार्यक्रमहरु सञ्चालन गर्दै लगिनेछ ।

४.२.६ घरमा प्रसुति गराउने कार्यको निर्मूलिकरण तथा सतप्रतिशत आमाहरुको प्रसुती स्वास्थ संस्थामा गराउने सुनिश्चितताका लागि दुई वटा सम्म सन्तान स्वास्थ्य संस्थामा प्रसुती गराउदा गाउँपालिकाका सबै सुत्केरी आमाहरुलाई रु.१००० प्रोत्साहन भत्ता उपलब्ध गराईने छ ।

४.२.७ बालबालिका हरुलाई खोपको पहुँच अभिवृद्धि गर्दै पूर्ण खोप गाउपालिका घोषणा भैसकेको संदर्भमा स्थायीत्व प्रदान घोषणा पश्चातकार्यका लागी गाउँघर खोप क्लिनिक कार्यकमलाई थप सुदृढ गरिनेछ ।

४.२.८ ज्येष्ठ नागरिक, अति विपन्न दलित, जनजाती तथा अल्पसंख्यक लोपोन्मुख लक्षित वर्गको स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न एकिकृत स्वास्थ्य सेवा कार्यक्रम विस्तार गरिनेछ । स्वास्थ्य बिमा कार्यलाई व्यापक बनाईने छ ।

४.२.९ स्वास्थ्य क्षेत्रमा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण सिर्जना गर्न निजी क्षेत्रको लगानीलाई आकर्षित गराइनेछ ।

४.२.१० महिला स्वास्थ स्वयं सेविकाहरुको सेवाको उचित मूल्यांकन गरिने छ ।

४.२.११ उपचारात्मकका साथै प्रवद्धनात्मक स्वास्थ सेवालाई अगाडी बढाईने छ ।

## ४.३ महिला

४.३.१ सामाजिक कुरीति, चेलीवेटी वेचविखन, देह व्यापार, घरेलु हिंसा लगायतका महिला विरुद्धका अपराध नियन्त्रणका लागि सामाजिक जागरण बढाउन सम्बन्धित निकायहरुसंग सहकार्य गरिनेछ ।

४.३.२ ग्रामीण महिलाहरुलाई व्यवसायिकतातर्फ उन्मुख गराउन आवश्यक सीपमुलक तालिम कार्यक्रमका साथै अतिविपन्न सदस्यहरुलाई प्रविधि हस्तान्तरणको माध्यम बाट आत्मनिर्भरताका कार्यकमहरु सञ्चालन गरिनेछ ।

४.३.३ लैङ्गिक उत्तरदायी शासन प्रणाली अवलम्वन गरी लैङ्गिक समतामूलक तथा समानतामा आधारित योजना तर्जुमा, वजेट विनियोजन, कार्यान्वयन र अनुगमनको कार्यलाई प्रभावकारी बनाईनेछ ।

४.३.४ हिंसा पिडित, एकल महिला, जोखिममा परेका, वेसहारा एवम् अपाङ्गता भएका महिलाहरुको अधिकार संरक्षण गरी पुनर्स्थापनाका लागि पहल गरिनेछ ।

४.३.५ महिलाहरुको प्रजनन् स्वास्थ्यमा सुधार ल्याउन महिला प्रजनन स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

४.३.६ महिला विरुद्ध हुने सवै प्रकारका विभेद, हिंसाको रोकथाम र नियन्त्रणका लागि कानूनी उपचार वृद्धि गरी सरोकारवालाहरुको समन्वयमा महिला कानूनी परामर्श सेवालाई विकास गरिनेछ ।

४.३.७ मानव वेचविखन कार्यलाई गाउँ तहबाटै उन्मुलन गर्न बाध्यताबस महिलाहरु बिदेसिनु पर्ने नियतीलाई हटाउन पहल थालिने छ । मानव बेचबिचखन विरुद्धको गाउँ समिति गठन गरी तीनिहरुको क्षमता विकास गरिनेछ ।

४.३.८ घरेलु मदीरा उत्पादनमा महिला संलग्नतालाई निरुत्साहीत गरिने छ ।

## ४.४ वालवालिका

४.४.१ बालमैत्री स्थानिय शासन अनुरुप वालविकास, संरक्षण तथा वाल सहभागिताको सुनिश्चितताको लागि नमूना बालमैत्री विद्यालय एवम् समुदायको निर्माणका गरिनेछ ।

४.४.२ निकृष्ट बालश्रम मुक्त गांउपालिका बनाउन प्रयत्न गरिने छ ।

४.४.३ बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८ र बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८, बालबालिका सम्बन्धी राष्ट्रिय नीति २०६९, बालहेल्पलाईन कार्यविधि २०६४ अनुसार बालसंरक्षणको कार्यलाई अघिवढाईनुका साथै अर्थपूर्ण वालसहभागीतालाई प्रोत्साहन गरिनेछ ।

४.४.४ बालबालिका माथि हुने सबै खाले हिंसाको बिरुद्धमा नीति बनाई लागु गरिनेछ ।

४.४.५ बालबालिकाहरुको मनोरञ्जनको लागि एक वडा एक बालमैत्री उद्यान कार्यक्रम क्रमश सञ्चालन गर्दै लगिने छ ।

४.५.६ बालबालिकाको सत प्रतिशत जन्मदर्ता समयमै गराउने वडालाई पुरस्कृत गर्ने कार्य गरिने छ ।

**४.५ अपाङ्गता वा फरक क्षमता भएका नागरिक**

४.५.१ गाउपालिका क्षेत्रमा निर्माण गरिने सार्बजनिक भौतिक पूर्वाधारहरुलाई अपाङ्गमैत्री बनाईनुका साथै अपाङ्गता भएका व्यक्तिहरु सबैले परिचय पत्र प्राप्त गर्न सक्ने व्यवस्था गरिनेछ ।

४.५.२ अपाङ्गता गाउँ समन्वय समिति गठन र तिनीहरुको संस्थागत विकास गरी अपाङ्गहरुको अधिकार सुनिश्चितताका लागि चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४.५.३ अपाङ्गहरुको जीवनस्तर सुधार गर्ने कार्यलाई प्रबर्द्धन गर्न क्षमतामा आधारित तालिम संचालन गरिने छ ।

४.५.४ फरका क्षमता भएका व्यक्तिहरुको रोजगारीको सुनिश्चितताको लागि गाउमा सञ्चालित सेवाप्रदायक संस्थाहरुमा प्राथमिकता दिने र उद्यम सञ्चालन गर्न चाहाने अपाङ्गहरुलाई उपयुक्त स्थान उपलव्ध गराउने कार्यमा समन्वय गरिनेछ ।

४.५.५ सुस्त मनस्थीति भएका विद्यार्थीहरुका लागि श्रोत विद्यालय स्थापनाको लागि पहल गर्नुका साथै अपाङ्गता भएका वालवालिकाको शैक्षिक विकासका लागि आवाशीय विशेष शिक्षाका लागि पहल गरिनेछ ।

**४.६ जेष्ठ नागरिक**

४.६.१ जेष्ठ नागरिकहरुको जीवनयापनलाई सहज र सम्मानित एवम् मर्यादित बनाउन ज्येष्ठ नागरिक क्लबको गठन संगै कल्याणकारी कार्यक्रम सञ्चालन गरिनेछ ।

४.६.२ असहाय, एकल एवम् विपन्न आर्थिक अवस्था भई आफ्नो जीवनयापन गर्न कठीन परिस्थितिमा रहेका जेष्ठ नागरिकहरुको आत्म सम्मान बृद्धी गर्ने परिपाटी विकास गरिनेछ ।समाजमा बाबु आमा बोझ हैनन् बृक्ष हुन भन्ने नैतिक धारणा को बिकाश गरीने छ ।

४.६.३ अवकास प्राप्त व्यक्तिहरुको सूची तयार गरी उनिहरुको बिज्ञतालाई समाज निर्माणमा उपयोग गर्न र उनिहरुको संरक्षणका लागि एकीकृत सेबा केन्द्र स्थापना गरी संचालन गरिनेछ ।

**४.७ एकल महिला,आदिवासी, जनजाति तथा उत्पीडित जाती उत्थान**

४.७.१ सिमान्तकृत तथा लोपोन्मुख जातीको संरक्षण तथा विकासका लागि उनीहरुको भाषा तथा सांस्कृतिको संरक्षण गर्नुका साथै  एकल महिलाको लागी सीप विकास तथा आयमूलक कार्यक्रमहरुमा पहुंच बद्धि गरिनेछ ।

४.७.२ आदिवासी तथा जनजातिहरुको विशिष्ट पहिचान दिने सेवा, वस्तु, संस्कृति, कला तथा वस्तीको संरक्षण र सम्बर्द्धन गर्न उपयुक्त स्थानमा जातीय संग्रहालयको स्थापना र संरक्षणमा जोड दिईनेछ ।

४.७.३ गाउपालिका स्तरीय दलित तथा आदिबासीहरुको समन्वय समिति गठन गरी ती समुदायको संस्थागत विकासलाई निरन्तरता दिईनेछ ।

४.७.४ दलित, खस आर्य,आदिवासी, जनजातिहरुको शिक्षा तथा रोजगारीमा पहुँच अभिबृद्धिका लागि आर्थिकरुपमा पछाडी परेको वर्गलाई लक्षित गरी सरकारीसेवा प्रबेस तयारी कक्षालाई सहयोग गरिने छ ।

**४.८ साहित्य, भाषा, कला, संस्कृति, र पत्रकारीता**

४.८.१ साहित्य, भाषा, कला, संस्कृति संरक्षण एवं सम्वर्द्धन गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

४.८.२ सञ्चार माध्यमहरुको विकास र प्रवर्द्धनमा जोड दिँदै सुशासन, पारदर्शीता, पर्यटन प्रवर्द्धन र गांउपालिकाले लिएका अग्रसरताहरु वा अभियानहरुको सफल कार्यान्वयनमा सहकार्य गरिनेछ ।

४.८.३ “राम्रो कुरा सघाउने नराम्रोलाई भगाउने”नीति अवलम्वन गर्न सञ्चार माध्यमसंग आवश्यक समन्वय गरिनेछ । स्थानिय गतिबिधी झल्काउन रेडियो कार्यक्रम संचालन गर्न प्रयास गरिने छ ।

**५. संस्थागत विकास**

**५.१ मानव संसाधन विकास कार्यक्रम**

५.१.१ कर्मचारी तथा जनप्रतिनिधिहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रमहरु सञ्चालन गरिनेछ । उपभोक्ता समितिलाई सार्बजनिक निर्माण सम्बन्धि अभिमुखिकरण सञ्चालन गरिने छ ।

५.१.२ गांउपालिकाबाट प्रवाह गरिने सेवा सुविधाहरुलाई अझ प्रभावकारी र सशक्त बनाउन जनशक्ति विकास योजनाले निर्दिष्ट गरेका कृयाकलापहरु कार्यान्वयन गरिनेछ ।

५.१.३ निर्माण क्षेत्रका मजदुरहरुलाई दक्ष बनाउन तालिम प्रदान गरीने छ ।बैदेशीक रोजगारीमा गुणस्तरीय जनशक्ति मात्र जाउन भनि प्राविधिक जनशक्तिको विकास गर्ने कार्यमा सहयोग पुऱ्याईनेछ ।

५.१.४ कर्मचारी हरुलाई प्रोत्साहन गर्न आन्तरीक तथा बैदेसिक तालिम तथा भ्रमणका अबसरहरुमा सामेल गराईने छ ।

५.१.५ स्थानिय स्तरमा लघुउद्यम लाई प्रबर्द्धन गरी दक्ष स्वरोजगार उत्पादन गर्न कम्तिमा २०० युबालाई तालिम प्रदान गर्ने कार्यक्रम ल्याईने छ ।

५.१.६ बजार क्षेत्रको उचित व्यबस्थापन गरी बृहत्तर व्यबसायको बिकासद्धारा रोजगारी बढाउन सहयोग पुरयाईने छ ।

## ५.२ सूचना, प्रविधि तथा अभिलेख व्यवस्थापन

५.२.१ गांउपालिका स्तरीय सूचना प्रणाली व्यवस्थित गर्न सुचना अभिलेखालय स्थापना गर्ने कार्य कार्यान्वयन्मा ल्याईनेछ ।

५.२.२ गांउपालिकाको बस्तुगत बिबरण (Village profile) तयार गरी सूचनामा आधारित योजना तर्जुमा पद्धतिलाई अवलम्बन गरिनेछ ।

५.२.३ गांउपालिकाको वेबसाईट निर्माण गरी बिधुतिय सुचना प्रणाली लाई सुरुवात गरिने छ ।

५.२.४ गांउपालिकाका नीति कार्यक्रम लगायत महत्वपूर्ण सुचना तथा निर्णयहरुलाई विद्युतीय बेबसाईट मार्फत सार्बजनिक गरीने छ ।

५.२.५ सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई प्रभावकारी बनाउन बैंक खाता मार्फत बितरणको व्यबस्था मिलाई लाभग्राहीको विवरण website मा सार्वजनिक गरिनुका साथै, सार्बजनिक निर्माणका अनुगमन समितिबाट प्राप्त प्रतिवेदनलाई समेत website मार्फत सार्वजनिक गर्ने प्रयत्न गरिने छ ।

५.२.६ मुख्य बजार क्षेत्रमा सुचनापाटी स्थापना गरि कार्यलयमा डिजिटल डिस्प्ले सहितको नागरीक बडापत्र सञ्चालनमा ल्याईने छ ।

## ५.३ सामाजिक परिचालन

५.३.२ समुदायमा आधारित कार्यक्रम सञ्चालन गर्दा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरुबाट पूर्व गठित समूहहरुलाई नै परिचालन गर्ने तथा निस्कृय समूहहरुको पुनर्गठन गरिने छ ।

५.३.३ समाजिक सशक्तिकरणको लागि वडा वडामा टोल बिकास संस्था गठन गरी समुदायको परिचालन गरिने छ ।

५.३.४ गाउपालिका भित्रका सामुदायीक संस्थाहरुको सबलीकरण गरिने छ ।

## ५.४ आन्तरिक श्रोत पहिचान एवम् परिचालन

५.४.१ गाउपालिकाको आन्तरिक राजश्व अभिबृद्धिका लागि सम्भाव्यता अध्ययन गरी राजश्व प्रक्षेपण गरिनेछ ।

५.४.२ आन्तरिक स्रोत अभिवृद्धिका लागि करका नयां क्षेत्रहरुको पहिचान, करका दरहरुको समायोजन र संशोधन गर्नुका साथै प्रभाककारी रुपमा कर सङ्कलन गरिनेछ । आन्तरीक कर प्रशासन लाई करदाता मैत्री बनाईने छ ।

## ५.५ साझेदारी तथा सहकार्य

५.५.१ बिकास निर्माणमा सार्बजनिक निजी साझेदारी लाई प्रोत्साहन गरीने छ । भौतिक बिकाशका लागी गठन भएका गै.स.स. हरुले कार्यक्रम सहित अनुरोध गरेमा साझेदारीमा कार्य गर्न समपुरक कोषको व्यबस्थापन गरिने छ ।

५.५.२ पूर्वाधार विकासमा निजी क्षेत्रको सहकार्य हुने क्षेत्रहरुको पहिचान गरी सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप कार्य गरिनेछ ।

## ५.६ अनुगमन तथा सुपरीवेक्षण

५.६.१ गाउ क्षेत्र भित्र सञ्चालित योजना तथा कार्यक्रमहरुको नतिजामा आधारित अनुगमन प्रणाली (Result Based Monitoring System) को मर्म अनुसार अनुगमन र मुल्याङ्कन कार्यलाई निरन्तरता दिईनेछ ।

५.६.२ सञ्चालित कार्यक्रमहरुको नियमित र व्यवस्थित अनुगमनका लागि स्थलगत रुपमै अनुगमन गर्ने कार्यलाई प्रभावकारी वनाईनेछ ।

## ५.७ सुशासन एवम् दिगो विकास

५.७.१ छिटो, छरितो, पारदर्शी एवम् गुणस्तरीय सेवा प्रवाह तथा सामाजिक उत्तरदायित्वलाई सुनिश्चित गर्न सार्वजनिक सुनुवाई, सामाजिक तथा सार्वजनिक परीक्षण गर्ने कार्यको शुरुवात गरिने छ ।

५.७.२ आयोजनाहरुको कार्यान्वयनमा वातावरणीय परीक्षण, प्राविधिक परीक्षण, सार्वजनिक परीक्षण तथा प्रभाव मूल्याङ्कन गर्ने प्रावधानलाई शुरुवात गरिने छ ।

५.७.४ Cross Cutting को रुपमा रहेका सामाजिक सवालहरु जस्तैः समावेशीकरण, लैङ्गिकता, वालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, मानव बेचबिखन र HIV/AIDS सम्बोधन हुने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५.७.५ समानुपातिक विकासका लागि समावेसी विकासको सिद्धान्त बमोजिम स्रोत विनियोजन गरी सन्तुलित विकासको अवधारणालाई मूर्तरुप दिन योजना र वजेट विनियोजनलाई सूत्रबद्ध गरिनेछ ।

५.७.६ स्थानिय न्यायिक समिति मार्फत शान्ति, सद्भाव र न्यायको अनुभुति गर्न सक्ने वातावरण निर्माण गरिनेछ ।

५.७.७ वहालवाला कर्मचारीको नाममा भएको पेश्की सून्यमा झारिनुका साथै अन्य व्यक्ति, पदाधिकारी वा संस्थाको नाममा रहेको म्याद नाघेको पेश्की क्रमशः पूर्ण रुपमा घटाईनेछ ।

५.७.८ वेरुजु घटाउने र वेरुजु फछ्यौटमा कार्ययोजना निर्माण गरी सोही वमोजिम कार्य गरिनेछ ।

५.७.९ कार्यालयको सुचना अधिकारी तोकी नियमानुसार सुचना माग गर्न पाउने/प्रदान गर्ने संवैधानिक हकको सुनिश्चता प्रदान गरिने छ ।

५.७.१० कर्मचारीहरुका लागी आन्तरीक आचारसंहीता तयार गरी लागू गरिने छ ।